# साँगुरीगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार, धनकुटा ।

### ओखे टावर सेवा शुल्क असुलीको ठेक्का बन्दोवस्तको सूचना
प्रथम पटक प्रकाशित मिति २०७५/०४/०४

यस पालिकाको आर्थिक ऐन २०७५ को अनुसूचिमा उल्लेखित ओखे टावर सेवा शुल्क आ.व. २०७५/७६ वर्ष १ का लागि एकमुष्ठ ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ती, फर्म, कम्पनी तथा संस्थाहरुले निम्न बमोजिमको रित पुर्याइ शिलबन्दी दरभाउ पेश गर्न हुन सबैको जानकारकिो लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनत्म वार्षिक ठेक्का अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | ०१/२०७५/०७६ | ओखे टावर सेवा शुल्क | २,००,०००/- | १०००/- |

१ दरभाउ फाराम सूचना प्रकाशित भएको मितिले ७ औ. दिन कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी खरिद गर्न सकिने छ । फाराम खरिद गर्दा निवेदन साथ व्यक्ति भए नेपाली नागरिकताको फोटोपि साथ निवेदन पेश गर्नु पर्नेछ । फर्म संस्थाको हकमा भने फर्म दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र को प्रतिलिपि पेश गरी कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्रमा आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस गाउँपालिकाको नेपाल बंगलादेश बैंक भेडेटार स्थित धरौटी खाता नं. ९५१०१००२२१ मा जम्मा गरेको सक्कल भौचर व्यक्तिको हकमा नाकरिकताको फोटोकपि तथा फर्मको हकमा भने फर्म दर्ता प्रमाण पत्र, प्यान तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. ०७३/०७४ को कर चुक्ताको प्रतिलिपि संलग्न राखि शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । साथै दरभाउपत्र पेश गर्ने खाम बाहिर प्रष्ट बुझिने गरि ठेक्का विवरण उल्लेख गरी नाम थर, ठेगाना र सम्पर्क नं.उल्लेख हुनुपर्नेछ ।

३. पेश भएबा दरभाउपत्रहरु दाखिला भएको मितिले ८ औं दिन १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता भएका शिलबन्दी पत्रहरु २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ दरभाउपत्रदाताहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४ रित नपुगी, म्याद नाघी आएका वा कुनै शर्त राखि अएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । कबोल रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ, फरक पर्न गएमा अक्षरलाई मान्दयता दिइनेछ ।

५. ठेकेदारले सम्झौताको समयमा ठेक्का रकम एकमुष्ट बुझाउनु पर्नेछ । एक मुष्ट नबुझाउनेको हकमा ठेक्का अंकलाई तिन किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ताको रकम ठेक्का रकमको ५०% सम्झौता अघि नै बुझाउनु पर्नेछ । बाँकी दुई किस्ता २५/२५ प्रतिशत मानि दोश्रो किस्ता रकम सम्झौताको मितिले चौथो महिनामा र अन्तिम किस्ताको रकम जेष्ठ मसान्त भित्र बुझाइसक्नु पनर्चेछ । एकमुष्ठ रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा पहिलो किस्ता बाहेकबाँकी किस्ताको लागि सो बरावरको ठेक्का अवधि भएको बैंक ग्यारेण्टी पेश गनुपर्नेछ ।

६. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिका कार्यालयमा सुरक्षित रहेनछ

७. दरभाउपत्र दाताले दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको ठेक्का अंक उल्लेख गुर्नपर्नेछ । प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर, बाँकी बुझाउनु पर्ने रकम बठेकेदार आफैले बुझाउनु पर्नेछ ।

८. शिलबन्दी बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ ।

९. शुल्क उठाउन आवश्यक कर्मचारी र अन्य व्यवस्था ठेकेदार स्वयमले गुर्नपर्नेछ । कर असुली गरिने नगदी रसिद ठेकेदार आफ्नै तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१०. धरौटी वापतको रकम बुँदा नं. ५ को प्रकृया पुरा भै सम्झौता भएपछि फिर्ता दिईनेछ । बैंक ग्यारेण्टी वापतको रकम ठेक्काको अवधि समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता गरेको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिइनेछ ।

११. साँगुरीगढी गाउँपालिकाले तोकेको स्थानमा मात्र कर संकलन केन्द्र राखि शुल्क उठाउनु पर्नेछ ।

१२. ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णण अन्तिम हुनेछ ।

१३. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न वा www.sangurigadhimun.gov.np मा हेर्न सकिनेछ

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Officer